वर्ष १ अंक ६ पुष/माघ २०७४

# मैत्री बुलेटीन

मासिक



नेपालका पूर्व प्रधानमन्त्री
**श्री पुष्पकमल दहालज्यू** (प्रचण्ड) ज्यूलाई
पुत्र शोकमा **नेपाल भारत मैत्री संघ**को अध्यक्ष
श्री **राजकुमार सिंघीज्यू**बाट
संवेदना प्रकट गर्दै ।

## सम्पादन समितिको बैठक:

**नेपाल भारत मैत्री संघ केन्द्रीय कार्य समितिको बैठक पुष महिनामा एक पटक र माघ महिनामा एक पटक गरि जम्मा २ वटा बैठक सम्पन्न गरी समसामयिक विषयमा छलफल गर्दै विभिन्न निर्णयहरु गरियो ।**

नेपाल-भारत मैत्री संघ केन्दीय कार्य समितिको बैठक तथा सम्माननीय भारतीय प्रधान मन्त्रीजयू विदेश मन्त्रीज्यू लगायत अन्य विशिष्ट व्यक्तिहरु सँग भेटघाट तथ छलफल सहितको भारत भ्रमणको कार्यक्रम बारे यस अधि नै जानकारी गराइको सन्दर्भमा यहि २०७४ माघ २० गते शानिबार विहान ११ वजे दिल्लीको लागि काठमाण्डौबाट नारायणगढ, वुटवल, धनगढी हुदै (वातानुकुलित) वस छुट्ने भएको व्यहोरा सम्पुर्ण पदाधिकारी तथा केन्द्रीय सदस्यज्यूहरुलाई अनुरोध गर्दै थप जानकारीको लागि कार्यालाय को फोन नं. ०१-४४९८७९४ वा मेरो मोवाइल नं. 8853935258 (अध्यक्षः श्री राजकुमार सिंघी)

**नोट**:
सबै जिल्ला शाखा र उपशाखाहरुमा विनम्र निवेदन छ । आ-आफ्नो सम्पन्न गरिएका कार्यक्रम समाचार तथा तत् सम्बन्धि फोटो तथा यस बुलेटिन सम्बन्धि राय सुझावहरु यथाशिघ्र नेपाल भारत मैत्री संघको कार्यालयमा उपलब्ध गराई दिनुहोला ।

मित्र राष्ट्र भारतको विहार स्थित बाल्मिकी विकास मञ्चले नेपाल र भारतको बाल्मिकी क्षेत्र अन्तरगत एकिकृत विकास गर्ने उद्देश्यले आयोजित विशेष कार्यक्रम यहि २०७४ पुष ८ गते तदनुसार २३ डिसेम्बर २०१७ का दिन जगदगुरु शंकराचार्य अध्यक्षतामा संपन्न भएको थियो उक्त कार्यक्रममा भारतीय केन्द्रीय कृषि मन्त्री श्री राधा मोहन जी तथा विभिन्न जिल्लाका माननीय सभासद तथा विधायकज्यूहरु लगायत नेपाल र भारतका गरी ८ हजार भन्दा वढि साधु-सन्त महात्माहरु को सन्त सम्मेलन भएको उक्त वृहत कार्यक्रममा नेपाल भारत मैत्री संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिंघीज्यू संस्थाको चिनारीका साथ संस्थाले अवलम्बन गरेका धार्मिक पर्यटनका विषयमा संम्बोधन गर्नु हुदैं ।






पौष ९ गते तदनुसार २४ डिसेम्बर २०१७ का दिन बाल्मिकी विकास मञ्च द्धारा आयोजित समापन समारोहको कार्यक्रममा गजेन्दमोक्ष धाम नवलपरासी, नेपालमा नेपाल भारत मैत्री संघका केन्द्रीय अध्यक्ष राजकुमार सिन्धीज्यूको अध्यक्षतामा संपन्न भएको थियो । मुक्तिनाथ पिठाधिश्वर श्री कमल नयनाचार्यज्यूको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा वगाह विधान सभाका सदस्य तथा भाजपाका नेता श्री राधव शरण पाण्डेज्यू लगायत अन्य नेपाल र भारतका विशिष्ट व्यक्तित्वहरुले संवोधन गर्दाको दृश्य

नेपाल - भारत मैत्री अमर रहोस्
**नेपाल-भारत मैत्री संघ**
केन्द्रीय कार्यसमिति, काठमाडौं
फोन नं. ०१-४४९८७९४, फयाक्सः ४४६१८६३
E-mail: nifanepal2038@gmail.com

## भारतको देहरादुनमा संचालन भएको हिमोत्सव मेलाको दृश्य



डिसेम्बर १७-१९, २०१७ मा भारतको देहरादुनमा देहरादुन-नेपाल, कास्मीर, नैनिताल, कुमाउ, गडवाल लगायत भारतका सम्पूर्ण पर्वतीय क्षेत्रका कला, संस्कृति, साहित्य, भेषभूषा र जीवनशैलीका साथ पर्यटकीय प्रबर्धनका खातिर संचालित 'हिमोत्सव मेला'मा नेपाल-भारत मैत्री संघले पनि सहभागिता जनाएको थियो । नेपाल-भारत मैत्री संघका तर्फबाट संस्थाका अध्यक्ष श्री राजकुमार सिन्धी एवं साथमा महासचिव श्रीप्रसाद कोइराला र सहसचिव श्री सुमन सुवालज्यूले सहभागिता जनाउनु भएको उक्त कार्यक्रममा संघका अध्यक्ष श्री राजकुमार सिन्धीज्यूले संघका उद्देश्यहरु ८ हजारभन्दा बढी सहभागी जनसमूह समक्ष प्रस्तुत गर्नु हुँदै भारतबाट नेपालमा धार्मिक पर्यटन विकासका लागि आह्वान समेत गर्नु भएको थियो । उक्त हिमोत्सव मेलाको उद्घाटन सत्रमा आयोजकद्वारा नेपाल-भारत मैत्री संघका अध्यक्ष श्री राजकुमार सिन्धीज्यू एवं महासचिव श्री श्रीप्रसाद कोइराला र सहसचिव श्री सुमन सुवालज्यूलाई अंग वस्त्र एवं पुष्पगुच्छाद्वारा सम्मान गरिएको थियो ।



कपिलबस्तु शाखाको आयोजनामा योग शिविर सम्पन्नः पुर्व मन्त्री श्री वृजेश कुमार गुप्ता र प्रमुख जिल्ला अधिकारी श्री मदन भुजेलज्यूले संयुक्त रुपमा पानसमा बत्ति बाली उद्घाटन गर्नु भएको थियो । प्रहरी उपरिक्षक श्री भोज जंग शाहज्यू, जिल्ला अनुसन्धान प्रमुख ज्यू, मूल आयोजक समितिका अध्यक्ष श्री अनिरुद्ध प्रसाद उपाध्यायज्यू र पतंजली योग समितिका जि.अ. श्री आत्माराम आर्चाय सहित २०० जना सहभागीहरुको उपस्थिति रहेको वृहत कार्यक्रमका झलकहरु ।











## वाल्मिकी विकास मञ्च द्वारा आयोजित वृहत सन्त सम्मेलन तथा वाल्मिकी क्षेत्रको एकिकृत विकास कार्यक्रम

यहि २०७४ पुष ८ गते तदनुसार २३ डिसेम्बर २०१७ का दिन वाल्मिकी विकास मञ्च द्वारा आयोजित वृहत सन्त सम्मेलन तथा वाल्मिकी क्षेत्रको एकिकृत विकास कार्यक्रममा वाल्मिकि नगर भारतको विहारमा संस्थाका उद्देश्य तथा संस्था अवलम्बन गरेको धार्मिक पर्यटनका विषयमा संम्बोधन गर्दै नेपाल भारत मैत्री संघका अध्यक्ष श्री राजकुमार सिंघी ज्यू । उक्त कार्यक्रम जगत गुरु शंकराचार्यको अध्यक्षतामा भएकोमा केन्द्रीय कृषि मन्त्री श्री राधेमोहन जी तथा स्थानीय जिल्लाहरुका माननीय सांसदज्यूहरु तथा स्थानिय विधायकज्यूहरु समेत करिब ८ हजार सन्त महात्मा, नेपाल र भारत का स्थानिय महानुभावहरुको उपस्थिति थियो ।





भारतको बाल्मिकी नगरको कार्यक्रममा नेपाल भारत मैत्री संघका पदाधिकारीहरु, अध्यक्ष राजकुमार सिंधी ,उपाध्यक्ष द्वय श्री बासुदेव रिमाल र श्री विष्णु प्रसाद सापकोटा, महासचिव श्री प्रसाद कोइराला  सचिव श्री किरण राज रेग्मी ज्यू , सह-सचिव श्री सुमन सुवाल र केन्द्रीय सदस्य श्री कमला ढुंगेल ज्यू उपस्थिति भएको दृश्य ।







बाल्मिकी विकास मञ्च द्धारा आयोजित समापन समारोह गजेन्द्रमोक्ष धाम नवल परासीमा संस्थाको वृक्षारोपण गर्दाको दृश्य ।



नेपाल भारत मैत्री संघको त्रिवेणी उपशाखाको कार्य समितिसग केन्द्रीय अध्यक्ष तथा उपाध्यक्षसग भेट घाटको दृश्य



भारतीय दुतावासका नवनियुक्त डि.सि.एम श्री डा. अजय कुमारज्यूलाई नेपाल संघकोतर्फबाट स्वागत तथा सम्मान अर्पणको दृश्य ।





भारतीय दूतावासका नवनियुक्त राजनीति विभागका प्रथम सचिव श्री .विप्रं पाण्डेज्यूसंग नेपाल भारत मैत्री संघको तर्फबाट अध्यक्ष श्री राजकुमार सिंधी ज्यूबाट स्वागत तथा शिष्टाचार भेट

